वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
वर्ष ४५ अंक ६५ २०८३ असार १३ गते शनिबार, नेपाल सम्वत् ११४६ June 27, 2026 पृष्ठ ४ मूल्य : रू. ५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको 'भञ्ज्याङ'
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com
विश्वसनीय र निष्पक्ष | खोजमुलक पत्रकारिता | विचार र विश्लेषण | सूचना र सन्देश प्रवाह

# बन्दीपुरको नीति तथा कार्यक्रम : 'हेल्लो अध्यक्ष' कार्यक्रममार्फत जनतासंग प्रत्यक्ष संवाद

भञ्ज्याङ समाचारदाता/बन्दीपुर

नेपालको संविधानले स्थानीय सरकारलाई विकासको प्रमुख आधारस्तम्भका रूपमा स्थापित गरेको छ। नागरिकका दैनिक आवश्यकता, स्थानीय स्रोत-साधनको परिचालन, सेवा प्रवाह र विकास निर्माणका अधिकांश जिम्मेवारी स्थानीय तहले नै वहन गर्नुपर्ने व्यवस्था छ । यही सन्दर्भमा स्थानीय तहले सार्वजनिक गर्ने वार्षिक नीति तथा कार्यक्रमले आगामी वर्षको विकासको दिशा, प्राथमिकता र सोचलाई प्रतिबिम्बित गर्दछ ।

तनहुँको बन्दीपुर गाउँपालिकाले पनि यही मान्यतालाई आत्मसाथ गर्दै हेल्लो अध्यक्ष कार्यक्रममार्फत् जनतासँग प्रत्यक्ष संवाद गर्ने कार्यक्रम अगाडि ल्याएको छ । पालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा सुशासन, जनउत्तरदायी सेवा प्रवाह र नागरिकसँग प्रत्यक्ष संवादलाई प्राथमिकतामा राखेको हो ।

गाउँपालिकाले जनताका गुनासा, सुझाव र समस्यालाई सहज रूपमा सम्बोधन गर्न 'हेल्लो अध्यक्ष' कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको हो । गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले स्थानीय सरकारलाई नागरिकमैत्री, जवाफदेही र पारदर्शी बनाउने उद्देश्यले विभिन्न कार्यक्रम अघि सारिएको जानकारी दिए । उनले गाउँपालिकाको विकास यात्रामा नागरिकको प्रत्यक्ष सहभागिता र सुझावलाई महत्वपूर्ण आधारका रूपमा लिइएको बताए ।




अध्यक्ष थापाका अनुसार 'हेल्लो अध्यक्ष' कार्यक्रममार्फत गाउँपालिकावासीले आफ्ना गुनासा, समस्या, सुझाव तथा जिज्ञासा प्रत्यक्ष रूपमा गाउँपालिका अध्यक्षसम्म पुऱ्याउन सक्नेछन् । सेवा प्रवाहमा देखिएका समस्या, विकास निर्माणका काम, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधारसँग सम्बन्धित विषयमा नागरिकले सहज रूपमा आफ्नो धारणा राख्न सक्ने व्यवस्था गरिने उनले बताए।

उनले स्थानीय सरकार र नागरिकबीचको दूरी घटाउँदै जनताको आवाजलाई नीति निर्माण र कार्यान्वयन प्रक्रियासँग जोड्न कार्यक्रम प्रभावकारी हुने विश्वास व्यक्त गरे । "स्थानीय सरकार जनताकै घरदैलोको सरकार हो", थापाले भने, "जनताका गुनासा र सुझाव सुन्ने तथा समाधान गर्ने दायित्व हाम्रो हो । त्यसैले नागरिकसँग प्रत्यक्ष संवाद बढाउन 'हेल्लो अध्यक्ष' कार्यक्रम सञ्चालन गर्न लागिएको हो ।"

नीति तथा कार्यक्रममा सुशासन प्रवर्द्धन, सेवा प्रवाहमा सुधार तथा प्रविधिमैत्री प्रशासनलाई पनि प्राथमिकता दिइएको छ। गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाउने लक्ष्य लिएको छ । नागरिकले प्राप्त गर्ने सेवामा सहजता ल्याउन डिजिटल प्रविधिको प्रयोग बढाइने तथा प्रशासनिक प्रक्रियालाई थप व्यवस्थित बनाइने जनाइएको छ ।

गाउँपालिकाले आगामी वर्ष कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानी, सडक तथा रोजगारी सिर्जनाका कार्यक्रमलाई समेत प्राथमिकतामा राखेको छ । स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै दिगो विकासको आधार तयार गर्ने नीति अवलम्बन गरिएको अध्यक्ष थापाले बताए ।

पर्यटनको दृष्टिले महत्वपूर्ण गन्तव्यका रूपमा रहेको बन्दीपुरमा पर्यटन पूर्वाधार विस्तार, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन तथा पर्यटकमैत्री वातावरण निर्माणका कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । पर्यटन क्षेत्रको विकासबाट स्थानीय रोजगारी र आयआर्जन बढाउने लक्ष्य गाउँपालिकाले लिएको छ । अध्यक्ष थापाले गाउँपालिकाको समग्र विकासमा जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज तथा आम नागरिकको साझा सहकार्य आवश्यक रहेको उल्लेख गरे । उनले विकास र समृद्धिको लक्ष्य हासिल गर्न सबै पक्षको सक्रिय सहभागिता अपरिहार्य रहेको बताए।

# लागुऔषध दुर्व्यसनको दलदलमा युवा समूह

भरत केसी/लुम्बिनी

लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय नेपालगन्ज र इलाका प्रहरी कार्यालय कोहलपुरको टोलीले गत मङ्गलबार राति करिब १० बजेको समयमा बाँकेको कोहलपुर-१ कौशिलानगरस्थित सार्वजनिक प्रतीक्षालयमा बसेका दुई व्यक्तिसँग आवश्यक सोधपुछ र खानतलासी गऱ्यो । त्यस क्रममा उनीहरूसाग रहेको रातो प्लाष्टिकभित्र लुकाइछिपाइ राखेको एक किलो २०० ग्राम अफिम बरामद भयो ।



प्रहरीले तत्कालै वैजनाथ गाउँपालिका-३ नौवस्ताका २९ वर्षीय विशाल थापा मगर र कोहलपुर नगरपालिका-१ कौशिलानगरका ४८ वर्षीय गगनबहादुर परियार नाम गरेका ती व्यक्तिलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान अघि बढाएको छ ।

रूपन्देहीको सैनामैना नगरपालिका-११ बनकट्टीमा बुटवलदेखि दाङतर्फ जाँदै गरेको लु१ज ४९३६ नंको झभी गाडीलाई प्रहरीले रोकेर चेकजाँच गर्दा त्यसमा सवार दाङ घोराही उपमहानगरपालिका-१४ बस्ने वर्ष २८ को रविन बुढाको झोलाबाट ठूलो परिणाममा औषधजन्य लागुऔषध बरामद भयो । प्रहरीले बुढा र गाडीसहित चालकलाई नियन्त्रणमा लिई सो सम्बन्धमा अनुसन्धान गरिरहेको छ।

रूपन्देही प्रहरीले गत वैशाखमा जिल्लाका मुख्य राजमार्ग तथा भित्री सडकमा गुड्ने सार्वजनिक सवारीका एक सय चालकको परीक्षण अभियान सञ्चालन गऱ्यो। उनीहरूलाई पिसाब परीक्षण गर्दा १७ जना चालकमा लागुऔषध सेवन गरेको पाइएकाले नियन्त्रणमा लिई लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान अघि बढाइएको प्रहरीको भनाइ छ ।

प्रहरीको लागुऔषध ओसारपसार, बिक्रीवितरण र सेवन नियन्त्रणका लागि चालिएका यस खालका अभियानका क्रममा फेला परेका व्यक्ति र समूहको अवस्था हेर्दा यस क्षेत्रमा लागुऔषधका घटनाको अवस्था निकै भयावह देखिन्छ। लुम्बिनी प्रदेशका छ वटा तराईका जिल्ला र छ वटा हिमाली तथा पहाडी जिल्लामा हुने लागुऔषधका घटनामा नेपाल-भारत सीमा नै मुख्य समस्या रहेको प्रहरी अधिकारीहरूको बुझाइ रहेको छ ।

रूपन्देही जिल्ला प्रहरीको गत वैशाखको तथ्याङ्क मात्र हेर्दा पनि विभिन्न खाले लागुऔषधको सेवन, ओसारपसार र बिक्रीबितरणको अभियोगमा १९ जनालाई नियन्त्रणमा लिई मुद्दा चलाइएको छ । प्रहरीले गत महिनामा मात्र लागुऔषधको विभिन्न १२ वटा मुद्दा दर्ता गरेको जनाएको छ ।

प्रहरीले उनीहरूबाट गाँजा तीन किलो ९८ ग्राम, ब्राउन सुगर नौ ग्राम ९० मिलिग्राम, डाइजेपाम-१०९ एम्पुल, फेनारगन-११३ एम्पुल, ब्रुफिनुर्फिन-९७ एम्पुल, स्पास्मो-२२५ ट्याब्लेट, प्रोमिथाइजिन-६ एम्पुल, अन्य एम्पुल-२३ र अन्य ट्याब्लेट-१४७ बरामद गरेको जिल्ला प्रहरी कार्यालय रूपन्देहीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख प्रहरी उपरिक्षक जनकबहादुर शाहीले भारतसँग सीमा जोडिएका जिल्लामा लागुऔषध कारोबारीलाई सहज भएको बताउनुहुन्छ ।


लुम्बिनी प्रदेशका १२ जिल्लाबाट गत वर्षको अवधिमा ७४८ लागुऔषधसम्बन्धी घटनामा मुद्दा दर्ता भएको नेपाल प्रहरीले जनाएको छ। प्रदेशका १२ जिल्लामध्ये पहाडी जिल्लाभन्दा

बाँकी तेश्रो पेजमा

# तनहुँमा २७ वन्यजन्तुको उद्धार

भञ्ज्याङ समाचारदाता/दमौली

डिभिजन वन कार्यालय तनहुँले चालु आर्थिक वर्ष २०८२/८३ मा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन कार्यक्रमअन्तर्गत २७ वटा वन्यजन्तुको उद्धार तथा व्यवस्थापन गरेको छ । उद्धार गरिएका वन्यजन्तुमध्ये छवटा मृतावस्थामा फेलापरेका थिए भने २१ वटा जीवित वन्यजन्तुको सफल उद्धार गरिएको कार्यालयले जनाएको छ।



डिभिजन वन कार्यालयका प्रमुख मनोज रानाभाटका अनुसार जिल्लाका विभिन्न स्थानबाट जोखिममा परेका तथा मानव बस्ती आसपास देखिएका वन्यजन्तुको उद्धार गरी आवश्यक व्यवस्थापन गरिएको हो । कार्यालयका अनुसार मृतावस्थामा उद्धार गरिएका वन्यजन्तुमा दुईवटा चितुवा, एक चरीबाघ, एक मृग, एक स्याल र एक भार्से रहेका छन् । यस्तै जीवित अवस्थामा उद्धार गरिएका वन्यजन्तुमा एक चरीबाघ, चार अजिङ्गर, १४ विभिन्न प्रजातिका सर्प तथा एउटा गिद्ध रहेका छन्।

रानाभाटले वन्यजन्तु मानव बस्तीमा प्रवेश गर्ने, घाइते हुने,

बाँकी तेश्रो पेजमा

@bhanjyangdaily www.bhanjyangnews.com @bhanjyangdaily YouTube @bhanjyangtvonline9

# 'मैदानमा क्रिकेट ब्याटको प्रहार, महिला सशक्तीकरणको आधार'

♦ जमुना वर्षा शर्मा

कुनै समय थियो, नेपाली समाजमा छोरीहरूले क्रिकेट मैदानमा पाइला टेक्नु निकै चुनौतीपूर्ण मानिन्थ्यो । घरको चौघेरा, चुलो–चौको र परम्परागत भूमिकाभित्र सीमित गरिएका छोरीहरूका लागि खेलकुदमा भविष्य देख्नु सजिलो थिएन । खेल मैदानमा उनीहरूको उपस्थिति अपवादजस्तै थियो । राष्ट्रिय टोलीको जर्सी लगाउने सपना त झन टाढाको कुरा ।

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मण्डेलाले भन्नुभएको थियो, "खेलकुदमा संसार परिवर्तन गर्ने शक्ति हुन्छ । यसमा मानिसहरूलाई एकताबद्ध गर्ने र जहाँ निराशा मात्र छ, त्यहाँ आशा जगाउने अद्भूत क्षमता हुन्छ ।" आज नेपालमा महिला क्रिकेटले यही परिवर्तनको कथा लेखिरहेका छन् । हिजो बेल्ना चौकामा सीमित हातहरूले आज आत्मविश्वासका साथ क्रिकेट मैदानमा ब्याट चलाइरहेका छन् । सटिक बलिङ गरिरहेका छन् । अन्तर्राष्ट्रिय प्रतियोगितामा नेपालको झण्डा फहराइरहेका छन् ।

नेपाली महिला क्रिकेटको बढ्दो यात्रा केवल खेलकुदको उपलब्धि मात्र होइन, महिला सशक्तीकरणको एउटा सशक्त आधार पनि हो । यस परिवर्तनको उदाहरण हुनुहुन्छ राष्ट्रिय महिला क्रिकेट टोलीकी खेलाडी रचना चौधरी । सुदूरपश्चिमको कैलाली जिल्लाको सुवर्णपुरबाट बुबासँगै अध्ययनका लागि पोखरा आउनुभएकी रचना अहिले कक्षा १२ मा अध्ययनरत हुनुहुन्छ । उहाँको क्रिकेट यात्रा योजनाबद्ध होइन, संयोगबाट सुरू भएको थियो । कक्षा ९ मा अध्ययनरत रहँदा १४ वर्षको उमेरमा किडासा फाउण्डेशनमार्फत क्रिकेटसँग जोडिनुभएकी रचना रमाइलोका लागि खेल क्षेत्रमा आउनुभएको थियो । "मलाई त्यतिबेला पढाइभन्दा खेल्न रमाइलो लाग्थ्यो । रमाइलोका लागि खेलेको खेलले नै मलाई पहिचान दियो । पछि क्रिकेट नै मेरो जीवनको हिस्सा बन्यो", उहाँ सम्झनुहुन्छ।

मिस्त्री काम गर्ने बुबाको संघर्षका बीच हुर्किएकी रचनाले त्यतिबेला क्रिकेटले आफ्नो जीवन नै बदलिदिन्छ भन्ने कल्पनासमेत गर्नुभएको थिएन । तर निरन्तर अभ्यास, मिहेनत र समर्पणले उहाँलाई राष्ट्रिय टोलीसम्म पुर्‍यायो । आज उहाँ नेपाल क्रिकेट संघ (क्यान) को केन्द्रीय सम्झौताअन्तर्गत आबद्ध रहँदै आफ्नो छुट्टै पहिचान बनाउन सफल हुनुभएको छ । मलेसियामा सम्पन्न आइसिसी यु–१९ महिला टी–२० विश्वकपमा नेपालको प्रतिनिधित्व गर्ने अवसरलाई उहाँ आफ्नो जीवनको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक मान्नुहुन्छ ।

गण्डकी प्रदेशकी अर्की खेलाडी सिर्जना पौडेलको अनुभव पनि महिला सशक्तीकरणसँग जोडिएको छ । व्यावसायिक क्रिकेट खेल्दै मासिक पारिश्रमिक प्राप्त गरिरहनुभएकी पौडेलका लागि क्रिकेट केवल खेल होइन, आत्मविश्वास आत्मनिर्भरता र स्वतन्त्रताको माध्यम हो। उहाँ भन्नुहुन्छ, "जब म मैदानमा ब्याट समातेर उभिन्छु, मलाई लाग्छ यो केवल काठको टुक्रा होइन, मेरो आत्मविश्वासको आधार हो । हिजो 'छोरी भएर घरभित्र बस' भन्ने समाजले आज हाम्रो चौका र छक्कामा ताली बजाइरहेको छ ।"

स्याङ्जाकी खेलाडी सिमाना केसीको अनुभवले पनि महिला क्रिकेटमा आएको परिवर्तनलाई पुष्टि गर्छ । सन् २०२० देखि क्रिकेट खेल्न थाल्नुभएकी केसी अहिले बिबिए अध्ययनसँगै सिनियर क्रिकेट टिममा सक्रिय हुनुहुन्छ । आइसिसी यु १९ टोलीमा छनोट हुँदा निकै खुसी लागेको क्षणसँगै अहिले सिनियर टिममा रहेर हालै मात्र मलेसियामा भएको एसिया प्रिमियर कपको अनुभव बटुलेर फर्कनुभएको छ । राष्ट्रिय टिमबाट मासिक पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी केसी भन्नुहुन्छ,



"खेलकुद अब आत्मनिर्भर बन्ने माध्यम पनि बन्दै गएको छ, यसले आत्मविश्वास र सशक्तीकरण यात्रामा थप हौसला मिलेको छ ।"

स्याङ्जाकै कुशुम गोदार पनि व्यावसायिक खेलमैदानमा हुनुहुन्छ । गण्डकी प्रदेशबाट पारिश्रमिक बुझेर खेल्दै आउनुभएकी गोदार यतिबेला नयाँ खेलाडीलाई प्रोत्साहन गर्न व्यस्त हुनुहुन्छ। इच्छाशक्ति र आत्मविश्वासका साथ आउनसके क्रिकेटले आफ्नो पहिचानसहित आत्मनिर्भरको बाटो समेत तय गर्ने धारणा राख्ने गोदारले आत्मविश्वास बढ्दा जस्तै चुनौतीलाई पार लगाउनसक्ने क्षमता खेलबाट बटुलेको सुनाउनुभयो ।

नेपाल महिला क्रिकेटको यात्रालाई नजिकबाट नियाल्नुभएकी नेपाल महिला राष्ट्रिय क्रिकेट टोलीकी पहिलो कप्तान नेरी थापाले विगत र वर्तमानबीचको ठूलो अन्तर अनुभव गर्नुभएको छ। "आज महिला क्रिकेटले जुन उचाइ प्राप्त गरेको छ, त्यसको यात्रा सहज थिएन । म क्रिकेटमा आउँदा महिलाको सहभागिता निकै न्यून थियो । क्रिकेट खेल्ने छोरीलाई समाजले सहज रूपमा स्वीकार्दैनथ्यो । 'ब्याट र बल बोकेर केटाजस्तो हिँड्छे' भन्ने टिप्पणीहरु सुन्नुपर्थ्यो", थापा सम्झनुहुन्छ । देशको पहिलो महिला राष्ट्रिय टोलीको कप्तानी गर्ने अवसरलाई नेपाली महिला क्रिकेटको इतिहासमा एउटा महत्वपूर्ण अध्यायको रूपमा लिएको उहाँको भनाइ छ ।

गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष सञ्जयकान्त सिग्देलले करिब डेढ दशकअघिको समय स्मरण गर्दै भन्नुहुन्छ। "२०६८ सालतिर छोरीलाई क्रिकेट खेल्न पठाउन अभिभावकहरु तयार हुँदैनथे । 'मेरो छोरीको जिम्मा कसले लिन्छ ?' भन्ने प्रश्न बारम्बार आउँथ्यो । राष्ट्रिय प्रतियोगितामा पठाउन अभिभावकले स्वीकृति नदिदा निकै समस्या हुन्थ्यो । आज भने अवस्था फेरिएको छ । अभिभावकहरु आफैँ छोरीहरूलाई क्रिकेट प्रशिक्षणका लागि एकेडेमीमा पुर्‍याउन थालेका छन् । उहाँले नेपाल क्रिकेट संघ (क्यान)ले महिला खेलाडीहरूलाई मासिक पारिश्रमिक उपलब्ध गराउन थालेपछि क्रिकेटप्रतिको आकर्षण पनि बढ्न थालेको बताउनुभयो।

सिग्देलका अनुसार आज नेपालभर करिब ३० जिल्लामा महिला क्रिकेट गतिविधि सञ्चालन भइरहेको छ । झण्डै ४५० देखि ५०० जना महिला खेलाडी सक्रिय रूपमा क्रिकेटमा आबद्ध छन् । प्रदेशस्तरमा करिब १५० जना खेलाडी प्रतिस्पर्धामा छन् भने राष्ट्रियस्तरमा करिब ३० महिला खेलाडीले नियमित रूपमा प्रतिनिधित्व गरिरहेका छन् । विभिन्न उमेर समूह र सिनियर तहमा सात प्रदेशका १४–१५ वटा टोली राष्ट्रिय प्रतियोगितामा प्रतिस्पर्धा गरिरहेका छन् ।

पहिले क्रिकेट खेल्दा भविष्य देखिँदैन भन्ने धारणा बदलिँदै अहिले खेलाडीहरूले खेललाई पेशाका रूपमा हेर्ने वातावरण बने पनि महिला क्रिकेटको विकासका लागि अझै पनि चुनौतीहरु बाँकी रहेको प्रशिक्षक दिपेश खत्रीको अनुभव छ । "देशका धेरै जिल्लामा महिलामैत्री खेल पूर्वाधारको अभाव छ । निजी क्षेत्रको लगानी र स्पोन्सरसिप पनि अपेक्षाकृत न्यून छ", उहाँ भन्नुहुन्छ, "सहरी क्षेत्रमा अवसर बढे पनि ग्रामीण तथा दुर्गम क्षेत्रका प्रतिभाशाली छोरीहरु अझै अवसरबाट वञ्चित छन् । खेलाडीहरूको सामाजिक सुरक्षा र खेल जीवनपछिको रोजगारी सुनिश्चित गर्न स्पष्ट नीति आवश्यक छ ।"

नेपाली महिला क्रिकेटको वर्तमान अवस्थालाई हेर्दा आफूलाई गर्व लाग्ने बताउनुहुन्छ पूर्वराष्ट्रिय क्रिकेट कप्तान तथा नेपालमा महिला क्रिकेटका प्रणेता लेखबहादुर क्षेत्री । आज महिला क्रिकेटले प्राप्त गरेको सफलता एक दिनको उपलब्धि नभई दुई दशकभन्दा लामो संघर्ष, धैर्य र समर्पणको परिणाम भएको उहाँको बुझाइ छ । "आज महिला क्रिकेट जुन स्थानमा पुगेको छ, त्यो सहजै प्राप्त भएको होइन, नेरी थापा, सीता राना मगर, रूबिना क्षेत्री, पूजा महतो, इन्दु बर्मालगायतका खेलाडीहरूले गरेको सङ्घर्ष, त्याग र समर्पणका कारण नेपाली महिला क्रिकेटले आज अन्तर्राष्ट्रियस्तरमा आफ्नो उपस्थिति बलियो बनाएको हो ।"

नेपाली महिला क्रिकेटको इतिहास सम्झँदा सन् २००७ मा मलेसियाको जोहोरमा आयोजित पहिलो एसिसी महिला च्याम्पियनसिप विशेष महत्व रहेको क्षेत्री बताउनुहुन्छ । "नेपालले पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाएर उपविजेता बन्न सफल भएको थियो । त्यो उपलब्धिले नेपाली महिला क्रिकेटको सम्भावना अन्तर्राष्ट्रिय समुदायसामु चिनाएको थियो ।" क्षेत्री सम्झनुहुन्छ, "२०६१ सालतिर बाँकेको कोहलपुरमा महिला क्रिकेटका गतिविधि सुरू गर्दा खेलाडी जुटाउनै कठिन हुन्थ्यो। सामाजिक सोच, पूर्वाधारको अभाव र सीमित अवसरका बीच छोरीहरूले ठूलो सपना बोकेर मैदानमा आउँथे । उनीहरूको आत्मविश्वास र साहस देख्दा एक दिन महिला क्रिकेटले अवश्य सफलता पाउने विश्वास जाग्थ्यो ।"

उहाँका अनुसार सन् २०१० देखि २०१५ सम्म महिला क्रिकेट लगभग ठप्पजस्तै भयो । प्रतियोगिता कम भए, खेलाडीहरु पलायन भए र विकासको गति सुस्तायो, यसले नयाँ खेलाडी उत्पादनमा समस्या भयो । सन् २०१७ पछि भने महिला क्रिकेटले पुनः नयाँ गति लिन थाल्यो । राष्ट्रिय खेलकुद परिषद्, क्यान र विभिन्न सरोकारवालाको पहलमा प्रधानमन्त्री कपलगायतका राष्ट्रिय प्रतियोगिताले महिला क्रिकेटलाई पुनर्जीवित गर्‍यो । क्यानले महिला क्रिकेटलाई दीर्घकालीन दृष्टिकोणका साथ अगाडि बढाउन थालेपछि खेलाडी उत्पादन, प्रशिक्षण र अन्तर्राष्ट्रिय सहभागितामा उल्लेखनीय सुधार आएको उहाँको भनाइ छ ।

आज नेपाली महिला क्रिकेटले यू–१९, एसिया कप हुँदै विश्व कपसम्मको यात्रा तय गरिसकेको छ । "हिजो अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नु नै ठूलो उपलब्धि थियो, आज विश्वकप र एसिया कपमा प्रतिस्पर्धा गर्ने स्तरमा पुग्नु नेपाली महिला क्रिकेटको ऐतिहासिक फड्को हो," उहाँले महिला क्रिकेटको अर्को महत्वपूर्ण उपलब्धि आर्थिक आत्मनिर्भरता पनि भएको बताउनुहुन्छ । "एक समय खेलाडीहरूले आफ्नै खर्चमा खेल्नुपर्थ्यो ।

आज क्यानको केन्द्रीय र प्रदेशसम्झौतामा रहेर खेलाडीहरूले पारिश्रमिक पाउन थालेका छन् । यसले क्रिकेटलाई पेसागत रूपमा अघि बढाउने वातावरण बनाएको छ । सामान्य परिवारबाट आएका धेरै छोरीहरूले आज क्रिकेटमार्फत आफ्नो परिचय र भविष्य निर्माण गर्न तल्लिन छन् ।" यद्यपि चुनौतीहरु अझै बाँकी रहेको उहाँको भनाइ छ । "अहिले पनि धेरै जिल्लामा गुणस्तरीय मैदान, प्रशिक्षक, नियमित प्रतियोगिता र निजी क्षेत्रको लगानीको अभाव छ । ग्रामीण भेगका धेरै प्रतिभाशाली छोरीहरु अवसरको पहुँचभन्दा बाहिर छन्। उनीहरूलाई पहिचान गरी राष्ट्रिय प्रणालीमा जोड्नु आवश्यक छ", उहाँले जोड दिनुभयो।

आगामी अन्तर्राष्ट्रिय प्रतियोगितालाई लक्षित गर्दै क्षेत्रीले अहिलेदेखि नै तयारीमा जुट्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "नेपालले अब सहभागिता मात्र होइन, प्रतिस्पर्धात्मक सफलता हासिल गर्ने लक्ष्य राख्नुपर्छ । त्यसका लागि जिल्ला र प्रदेशस्तरबाट प्रतिभा पहिचान, नियमित प्रतियोगिता, वैज्ञानिक प्रशिक्षण र दीर्घकालीन योजना आवश्यक छ । आज लगानी गरिएका किशोरी खेलाडीहरु नै भोलि नेपालको अन्तर्राष्ट्रिय सफलताका आधार बन्नेछन्", एउटा कठिन यात्राबाट आफ्नो गौरवमय पहिचान बनाउन सफल महिला खेलाडीको प्रत्येक ब्याटको प्रहारसँगै उनीहरूको आत्मविश्वास अझ बलियो बन्दै गएको छ । यही आत्मविश्वास, सङ्घर्ष र सफलताको यात्राले समतामूलक, समावेशी र सशक्तीकरणको आधार निर्माण गरिरहेको छ । रासस

## तपाईंको आज

### मेष
आज कार्यक्षेत्रमा उत्साह बढ्नेछ। नयाँ अवसर प्राप्त हुन सक्छ। पारिवारिक माहोल सुखद रहनेछ ।

### वृष
धनसम्बन्धी काममा ध्यान दिनुहोस्। खर्च बढ्ने सम्भावना छ । स्वास्थ्यमा सामान्य समस्या आउन सक्छ ।

### मिथुन
श्रमको उचित मूल्यांकन हुनेछ। साथीभाइसँगको सम्बन्ध मजबुत बन्नेछ। आर्थिक लाभका सम्भावना बलिया छन्।

### कर्कट
आज केही चुनौतीपूर्ण कार्यको सामना गर्नुपर्ला। धैर्य र संयम आवश्यक छ। महत्वपूर्ण निर्णय आज नगर्नु राम्रो।

### सिंह
साहस र आत्मविश्वास बढ्नेछ। नयाँ काम सुरू गर्न अनुकूल समय छ। प्रेम सम्बन्धमा प्रगाढता आउनेछ।

### कन्या
परिवारमा मेलमिलाप हुने दिन। स्वास्थ्यमा सुधार आउनेछ। अध्ययनमा राम्रो प्रगति हुनेछ।

### तुला
धन आगमनका स्रोत खुल्नेछन्। मिहिनेतको राम्रो परिणाम पाउने दिन हो। यात्रा शुभ रहला ।

### वृश्चिक
पेशागत क्षेत्रमा प्रतिस्पर्धा बढ्नेछ। सावधानीपूर्वक निर्णय लिनुहोस्। गोप्य कुरा अरूलाई नबोल्नु उपयुक्त हुन्छ ।

### धनु
विद्यार्थी तथा शोधकार्यमा संलग्नका लागि अनुकूल दिन। धार्मिक तथा सामाजिक कार्यमा सहभागी भइनेछ ।

### मकर
आज कार्यस्थलमा मान्यता र सम्मान प्राप्त हुनेछ। आर्थिक पक्ष मजबुत बन्नेछ। पारिवारिक सहयोग मिल्नेछ।

### कुम्भ
नयाँ परियोजनामा सामेल हुने अवसर आउनेछ। प्रेम र मित्रतामा विश्वास बढ्नेछ। लामो समयदेखि रोकिएका काम अघि बढ्नेछन्।

### मीन
मानसिक सन्तोष मिल्नेछ। परिवारसँग रमाइलो समय बिताउने दिन हो। सामाजिक मान–प्रतिष्ठा बढ्नेछ।

# लागुऔषध दुर्व्यसनको ...........

तराईका जिल्लामा लागुऔषधको कारोवार तथा ओसारपसार बढी हुने गरेको गतवर्ष २०८२ वैशाखदेखि चैत्रसम्मको नेपाल प्रहरी लुम्बिनी प्रदेश कार्यालय दाङको तथ्याङ्कमा देखिएको छ।

लुम्बिनी प्रदेश प्रहरी कार्यालयको २०८२ वैशाखदेखि चैतसम्मको तथ्याङ्कअनुसार बाँके, बर्दिया र रूपन्देही अत्यधिक जोखिमको रूपमा देखिएका छन्। प्रदेशका १२ जिल्लामा भएका लागुऔषधका समग्र घटनामध्ये झण्डै ७० प्रतिशत घटना नेपाल–भारत सीमा क्षेत्रमा रहेका यी जिल्लामा भएको देखिन्छ । तीन जिल्लामध्ये सबैभन्दा बढी बाँके जिल्लाका २१७ घटनामा ३२२ जना व्यक्ति पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये २९५ जना पुरूष, १८ जना महिला रहेका छन्। यीमध्ये आठ जना भारतीय पुरूष र एक महिला रहेका छन्। यस्तै बर्दिया जिल्लाको १६६ लागुऔषधका घटनामा २४४ जना पक्राउ परेका छन् । यसमध्ये २२९ जना स्वदेशी पुरूष, तीन महिला, ११ भारतीय पुरूष र एक महिला रहेको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

लागुऔषधका घटनामा प्रदेशका १२ जिल्लामध्ये तेस्रो स्थानमा रहेको रूपन्देहीमा गत वर्षको अवधिमा १३७ घटनाको कानूनी प्रक्रिया अगाडि बढाइएको छ । यी घटनामा २३४ जनालाई प्रहरीले नियन्त्रण लिएर मुद्दा चलाएको जनाएको छ। यीमध्ये २०८ पुरूष, चार महिला र २२ भारतीय नागरिक रहेका छन् । यससँगै तराईका तीन जिल्ला दाङ, कपिलबस्तु र पश्चिम नवलपरासीमा गरी २०१ लागुऔषधका घटनामा ३१४ जना पक्राउ परेरको प्रहरीको तथ्याङ्क छ । यीमध्ये २१ भारतीय नागरिक रहेका छन् ।

प्रदेशका पहाडी जिल्ला रूकुमपूर्व, रोल्पा, प्यूठान, अर्घाखाँची, गुल्मी र पाल्पामा गरी जम्मा जम्मा १७ वटा घटनामा २८ जना पक्राउ परी आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ । लुम्बिनी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार लागुऔषधको घटनामा उमेर समूह विश्लेषणगर्दा विभिन्न जिल्लाबाट लागुऔषधका घटनामा नियन्त्रणमा लिएका एक हजार १८८ मध्ये १६ वर्षदेखि २५ वर्ष उमेर समूहको संख्या झण्डै ४२.५१ प्रतिशत अर्थात ५०५ जना रहेका छन् । यसबाहेक १६ वर्षमुनि उमेर समूहको संख्या ४० जना रहेका छन् ।

यस्तै २६ देखि ३५ वर्ष उमेर समूहको संख्या ४२२ जना रहेका छन् । प्रहरीको तथ्याङ्कअनुसार ३६ देखि ४५ वर्ष उमेर समूहको सङ्ख्या १७० र ४६ देखि ६० वर्ष उमेर समूहको संख्या ४५ र ६० देखि माथि उमेर समूहको संख्या छ जना रहेको छ ।

प्रदेश प्रहरी कार्यालयका अनुसार प्रदेशमा सबैभन्दा बढी गाँजा र चरेको ओसारपसार तथा कारोबार हुने गरेको पाइएको छ। गत वर्षको अवधिमा प्रदेशमा सबैभन्दा बढी ३७१ किलो ३५ ग्राम गाँजा बरामद भएको छ । यसअन्तर्गत सबैभन्दा बढी बाँकेबाट १३० किलो ९२ ग्राम बरामद भएको छ । यस्तै रूपन्देहीका विभिन्न स्थानबाट १०५ किलो ८३ ग्राम गाँजा बरामद भएको छ । यस्तै पश्चिम नवलपरासीबाट ४५ किलो ०५ ग्राम, दाङबाट २५ किलो ४१ ग्राम, कपिलबस्तुबाट ३६ किलो ७० ग्राम र अर्घाखाँचीबाट पाँच किलो २८ ग्राम गाँजा बरामद गरिएको प्रहरीले जनाएको छ ।

यस्तै एक वर्षको अवधिमा २२ किलो ९२ ग्राम चरेस बरामद भएको छ । यस अवधिमा सबैभन्दा बढी चरेस दाङ जिल्लाबाट १४ किलो ५९ ग्राम चरेस बरामद भएको पाइएको छ। यस्तै रोल्पाबाट चार किलो १६ ग्राम, पश्चिम नवलपरासीबाट दुई किलो २३ ग्राम, रूपन्देहीबाट एक किलो ५८ ग्राम चरेस बरामद भएको प्रहरीले जनाएको छ। बर्दियाबाट मात्र अफिमको कारोबारका लागि ओसारपसार हुँदै गरेको २५ किलो ७० ग्राम बरामद भएको छ ।

यस्तै प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार एक वर्षको अवधिमा विभिन्न जिल्लाबाट कारोबारका लागि ओसारपसार हुँदै गरेको चार हजार सात सय ५९ ग्राम ३७३ मिलीग्राम ब्राउनसुगर बरामद भएको छ । यस अवधिमा सबैभन्दा बढी बाँके जिल्लाबाट २६२३ ग्राम ६०३ मिलीग्राम ब्राउन सुगर प्रहरीले बरामद गरेको छ ।

यस्तै बर्दिया जिल्लाबाट ७४८ ग्राम ८८३ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ । यस्तै रूपन्देही जिल्लाबाट एक वर्षको अवधिमा ३१९ ग्राम १०२ मिलीग्राम ब्राउन सुगर बरामद भएको छ । यस अवधिमा दाङ जिल्लाबाट २६९ ग्राम १६ मिलीग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

लागुऔषधको कारोबारमा यसबाहेक औषधीजन्य लागुऔषधको कारोबार र ओसारपसारका क्रममा प्रहरीले बरामद गरेको परिणामको तथ्याङ्कले डरलाग्दो अवस्था देखाएको छ । यस अवधिमा एक लाख चार हजार २८२ गोटा औषधीजन्य लागुऔषध प्रहरीले बरामद गरेको छ । यस अनुसार सबैभन्दा बढी पश्चिम नवलपरासीबाट ४७ हजार १८६ गोटा, रूपन्देहीबाट ३० हजार ८३८, बाँके बाट १६ हजार १३३ वटा औषधीजन्य लागुऔषध बरामद भएको छ ।

प्रमुख प्रहरी नायब महानिरीक्षक भूपेन्द्रबहादुर खत्री लागुऔषधको नियन्त्रणमा नेपाल प्रहरीले जनचेतनामूलक र कारबाहीमूलक हिसाबले सञ्चालन गरेका क्रियाकलाप मात्र पर्याप्त नभकाले अब समुदायस्तरमा अभियानकै रूपमा विभिन्न कार्यक्रम लैजानुपर्ने आवश्यकता रहेको बताउनुहुन्छ ।

अघिल्लो वर्षको तुलनामा लागुऔषधका घटनामा केही कमी देखिए पनि यसलाई सन्तोषजनक रूपमा लिन नसकिने उहाँको निष्कर्ष छ । "लागुऔषधको कुलतमा अहिलेका युवा पिंढी जसरी फसेका छन्, त्यो नै सबैको चिन्ता र चासोको विषय हो", उहाँले भन्नुभयो, "यसलाई सबै सरोकारवाला पक्षले गहिरोसँग बुझेर लामो समयदेखि लागुऔषध न्यूनीकरणका लागि अभियानकै रूपमा लागेका विज्ञ अभियान्ताहरूमार्फत युवाहरूलाई सचेत बनाउने गरी प्रहरीले कार्यक्रम गर्नेछ ।"

सिन्थेटिक ड्रग (कृतिम लागुपदार्थ) को नियन्त्रणमा पहाडी जिल्लामा भन्दा तराईका जिल्ला विशेषगरी भारतीय सीमा क्षेत्रमा डरलाग्दो रूपमा फैलिएकाले लागुऔषधको नियन्त्रणमा अझै कडाका साथ लाग्नुपर्ने उहाँ बताउनुहुन्छ । सीमा क्षेत्रमा सुरक्षा सतर्कता बढाउने, भारतका जिम्मेवार अधिकारीहरूसँग लागुऔषधको अवस्थाका बारेमा छलफल गरेर कडाइ गर्न अनुरोध गर्ने र यसको मुख्य कारोबारीसम्म पुग्नुपर्ने जरूरी रहेको उहाँको भनाइ छ ।

लागुऔषध तथा मनोसामाजिक कार्यमा रूपन्देहीमा लामो समयदेखि संस्थागत ढङ्गले काम गर्दै आएको चौतारी नेपाल हेल्थ फाउन्डेशन, अस्पतालका सञ्चालक तथा वरिष्ठ नशा, स्नायु तथा मनोरोग विशेषज्ञ प्रा डा मनोज ढुंगाना पनि लागुऔषधको दुर्व्यसनमा युवा समूहको संख्या डरलाग्दो अवस्थामा रहेको बताउनुहुन्छ। लागुऔषधको दुर्व्यसनीमा अधिकांश १६ देखि ३० वर्ष उमेर समूहका शहरिया किशोरकिशोरी रहने गरेको उहाँको भनाइ छ । "आजभोलि गाँजा जहाँसुकै सहजै पाउने र सस्तो पनि हुने भएकाले यसको प्रयोग बढेको छ", उहाँले भन्नुभयो, "गाँजा त किराना पसलमा समेत चुरोटमा भरेर राखेर बिक्री गर्छन्, कतिपय अवस्थामा औषधिजन्य पदार्थ (कफ सिरप, चक्की) लाई पनि नशाको रूपमा दुरूपयोग गरिएको छ ।" रासस

भञ्ज्याङ दैनिक पत्रिका नआएमा
फोन : ०६५–५६३९०७ मा सम्पर्क गर्नुहोला ।
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

# तनहुँमा २७ वन्यजन्तु .....

दुर्घटनामा पर्ने तथा विभिन्न कारणले जोखिममा पर्ने घटना बढ्दै गएको अवस्थामा कार्यालयले उद्धार तथा व्यवस्थापन कार्यलाई प्राथमिकताका साथ अघि बढाएको बताए । उनका अनुसार उद्धार गरिएका जीवित वन्यजन्तुको स्वास्थ्य अवस्था परीक्षण गरी उपयुक्त र सुरक्षित प्राकृतिक बासस्थानमा छाडिएको छ ।

"वन्यजन्तु संरक्षण र मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरण कार्यालयको प्रमुख जिम्मेवारीमध्ये एक हो", रानाभाटले भने, "उद्धार गरिएका वन्यजन्तुलाई आवश्यक उपचार तथा हेरचाहपछि सुरक्षित बासस्थानमा पुनःस्थापना गरिएको छ । यसले जैविक विविधता संरक्षणमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ ।"

उनले वन्यजन्तु देखिएमा, घाइते अवस्थामा फेलापरेमा वा मानव बस्तीमा प्रवेश गरी जोखिम सृजना गरेमा तत्काल सम्बन्धित निकायलाई जानकारी गराउन सर्वसाधारणलाई आग्रह गर्नुभयो । समयमै सूचना प्राप्त हुँदा उद्धारकार्य प्रभावकारी बन्ने र मानव तथा वन्यजन्तु दुवैको सुरक्षा सुनिश्चित गर्न सहज हुने उनको भनाइ छ।

तनहुँ जिल्लामा पछिल्ला वर्षहरूमा चितुवा, चरीबाघ, अजिङ्गर तथा विभिन्न प्रजातिका सर्प मानव बस्ती नजिक देखिने क्रम बढिरहेको छ । वन क्षेत्रको अतिक्रमण, बासस्थानमा आएको परिवर्तनका कारण वन्यजन्तु बस्ती क्षेत्रमा आउने गरेको उनको भनाइ छ । कार्यालयले वन्यजन्तु संरक्षण, जैविक विविधताको प्रवर्द्धन तथा मानव–वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम, उद्धार तथा व्यवस्थापनका गतिविधिलाई निरन्तरता दिएको जनाएको छ ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

भावपूर्ण श्रद्धाञ्जली



जन्म
२००६/०३/०४

स्वर्गारोहण
२०८३/०३/०१

स्व. रूकमणी पिया

यस संस्थाका संस्थापक शेयर सदस्य **राजेन्द्र पिया** र संस्थापक शेयर सदस्य एवं सञ्चालक समिति सदस्य ऋण उपसमिति संयोजक **राजेश पिया**को ममतामयी माता एवं सञ्चालक समिति सदस्य **रोशनी पिया** र शिक्षा उपसमिति सदस्य **तारा पिया**को ममतामयी सासुआमा, हामी सबैको प्रेरणाकी श्रोत संस्थाको शेयर सदस्य **रूकमणी पियाको** ७७ वर्षको उमेर असामयीक निधन भएकोमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **भावपूर्ण श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै यस दुःखद् घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति मिलोस भन्दै **हार्दिक समवेदना** व्यक्त गर्दछौ ।

रामकुमार पिया
अध्यक्ष एवं
डुम्रे बचत तथा ऋण सहकारी संस्था लि. परिवार
बन्दीपुर-१, डुम्रेबजार, तनहुँ

जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

पूर्वतयारी गरौं, विपदबाट बचौं




हाम्रो संदेश

- वर्षा यामसँगै बाढी, पहिरोको जोखिम बढ्छ। आफ्नो घर वरपरको अवस्थाबारे सचेत रहौं।
- विपद्को समयमा सुरक्षित स्थानमा जाऔं र सरकारी सूचना तथा पूर्वसूचनालाई ध्यान दिऔं।
- वृक्षरोपण गरौं र प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तनको असर कम गरौं।

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रारको कार्यालय,
पोखरा, नेपाल

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९




**चालकको लापसे परीक्षण :** पृथ्वीराजमार्ग अन्तर्गत तनहुँको व्यास नगरपालिका–१ अम्रेनीमा शुक्रबार सवारी सञ्चालनका क्रममा चालकले लागू पदार्थ सेवन गरे, नगरेको परीक्षण गर्दै सुरक्षाकर्मी । जिल्ला ट्राफिक प्रहरी कार्यालय तनहुँले दुर्घटना न्यूनीकरणका लागि चालकको लापसे परीक्षण गरेको हो । *तस्विर : भञ्ज्याङ*

# खाडीको जीवनभन्दा गाउँ प्यारो

**डम्बर बुढामगर/बागलुङ**

हिजोआज तेजबहादुर घर्तीमगरलाई खाडीको जीवनभन्दा आफ्नै गाउँघरको जीवन प्यारो लाग्न थालेको छ। बडिगाड गाउँपालिका–९ बल्घास राँकीचौरका तेजबहादुर घर्तीमगरले लालाबालाको सुखका लागि खाडीमा १६ वर्ष जीवन बिताउँदा पनि आम्दानी बचाउन सक्नुभएन। अन्ततः गाउँ फर्किनुभयो । गाउँमा बाख्रापालन गर्न पत्नि कुश्माले सहयोग गर्न थाल्नुभयो । आम्दानीबाट केही अंश बचत भयो । परिवार खुसी भए । उहाँलाई पनि क्रमशः आफ्नै गाउँ प्यारो लाग्न थाल्यो ।

खोरमा हुर्किंदै गरेका पाठापाठीमा आफ्नो र परिवारको भविष्य देखेका तेजबहादुरले परिवारलाई श्रमको महत्व र मेहनतको फलका सम्बन्धमा बुझाउन सक्नुभएको छ। उहाँका सन्तति बिहान उठेदेखि राति नसुतुञ्जेलसम्म बाख्राकै स्याहारमा तल्लीन छन् । खोरमा रहेका दर्जनौं बाख्राका लागि घाँसपानी जोहो गर्दागर्दै थकित हुन्छन् लखतरान घर्ती भर्खरै जन्मिएर हुर्किंदै गरेका पाठीपाठी छेउमै बस्दा दुःख बिर्सनुहुन्छ ।



उहाँले गाउँमा आफ्नो भविष्य देख्नुभएको छ । खेतबारी काल्नाखोल्सा तथा खेर गइरहेका सबै बाँझो जमिनमा घाँस रोप्नुभएको छ । सानाठूला गरी ७० बाख्राका लागि घाँस खोज्न टाढा जानु पर्दैन । खोर आधुनिक ढङ्गले निर्माण गर्नुभएको छ । त्रिचालिस वर्षीय घर्तीको जोशजाँगर देखेर स्थानीय पनि पशुपालनमा जुटेका छन् । विदेशमा १८ घण्टा काम गर्दा पनि राम्रो कमाइ भएन। गाउँमा थोरै लगानी र कम मेहनतमा परिवारसँगै बसेर बाख्रापालन गर्न थालेपछि उहाँको जीवनमा परिवर्तन आयो ।

उहाँले तीन वर्षअघि कृषि फार्म दर्ता गर्नुभयो । व्यावसायिक रूपमा बाख्रापालन पेसा गर्नथालेपछि बैंकले कर्जा दिन थाल्यो । क्रमशः वित्तीय साक्षरताका बारेमा अनुभव पनि भयो । बचत पछि खर्च गर्ने बानीले उहाँहरूलाई समृद्धिको बाटोमा डोऱ्याएको छ ।

तेजबहादुरको खोरमा बाख्राको संख्या बढ्दै गएका छन् । अब, उहाँले मासुपसल खोल्ने सोच बटुल्नुभएको छ । सुरूमा घरकै आठ वटा बाख्राबाट सुरु गरेको उहाँको खोरमा अहिले १५० बाख्रा पुगेका छन् ।

उहाँ भन्नुहुन्छ, "धेरै वर्ष विदेशमा बिताइयो भने जस्तो कमाइ भएन, गाउँ आएर बाख्रापालन थालेको हुँ, राम्रो आम्दानी हुँदै गएको छ", घर्तीले भन्नुभयो, "सुरूमा ठूलो लगानी गर्न सकिएन । घरमा पाल्दै आएका आठ वटा बाख्रालाई व्यवस्थित रूपमा पाल्ने योजना बनाएर सुरू गरेको हुँ, अहिले राम्रो छ ।" घर्तीलाई उहाँकी श्रीमती कुश्माले साथ दिनुभएको छ। रू एक लाख ५० हजारको लगानीबाट गरेको सुरु गरेको बाख्रपालनमा हालसम्म रू १५ लाख खर्च भइसकेको छ ।

उहाँले बर्सेनी ६० वटा खसी बोका बिक्री गर्नुहुन्छ । घर्ती दम्पतीले बाख्राको रेखदेख गर्न नभ्याएकाले गाउँका दुई जनालाई रोजगारी दिनुभएको छ ।

तेजबहादुरले भन्नुभयो, "विदेशमा दुःख गरेर घर खर्च पठाउन मुस्किल हुन्थ्यो, कडा परिश्रम गर्दा बिरामी परिन्थ्यो, त्यतिबेला घरपरिवारको धेरै याद आउँथ्यो, अहिले परिवार सँगसँगै छौं, सँगै दुःख गरेका छौं, सञ्चो बिसञ्चो सबै थाहा हुन्छ, आफ्नो काम मन लाग्दा गरे भो, थकाइ लाग्दा आराम गरे हुन्छ, विदेशमा जस्तो हुँदैन, धेरै कमाउन नसके पनि परिवार धान्न सहज भएको छ ।" घर्ती दम्पतीको व्यवसाय प्रवर्द्धनका लागि बडिगाड गाउँपालिका, नेपाल गाजा डेभलभमेन्ट फाउण्डेशन र हेफर प्रोजेक्ट नेपालले तालिम, आधुनिक खोर निर्माण र बीउ बाख्रा दिएर सहयोग गरेको छ ।

घर्ती दम्पतीलाई बाख्रापालनले मिलन मात्र गराएको छैन, कुश्माका बारेमा कुरा काट्ने समाजको मुखमा बिर्कोसमेत लागेको कुश्मा घर्तीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "काम साना ठूलो हुँदैन, जसले जे जानेको छ, त्यही गर्नुपर्दो रहेछ, पहिले एक/दुई वटा बाख्रा पाल्न पनि मुश्किल हुन्थ्यो, अहिले धेरै पाल्दा पनि सहज लागेको छ, खोरमा भएका बाख्रा हाम्रो सम्पत्ति हुन्, यिनीहरूको स्याहारसुसार राम्रो गरियो भने राम्रो आम्दानी हुन्छ, अब दुई/चार पैसाका लागि अरूलाई गुहार्नु पर्दैन ।" रासस

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## facebook twitter



**Manavi Paudel**
x.com/ManaviPaudel

दुई तिहाई प्रतिनिधिले पदाधिकारी तहको मतदान नगरी फर्किनु, कार्यक्रमको भद्रगोल पारा, छताछुल्ल हुनेगरी देखिएको गुट/उपगुट, अनि कार्यक्रम स्थलमा नेता कार्यकर्ताको हरिबिजोग।
@party_swatantra निर्वाचनमा पार्टीले राम्रो भोट ल्यायो, तपाईहरू सरकारमा हुनुहुन्छ किनकी जनताले एकपटकलाई अवसर दिए (एकजना भोटर म पनि हु) तर, सधै यस्तो अवसर आउदैन। अहिलेको स्थितीमा पार्टीमा भाषण गर्ने टन्नै होलान ब्यवस्थापकिय क्षमता त शुन्य नै रहेछ, महाधिवेशनमा तपाईहरूको कमजोरी र जनशक्ति परिचालन गर्ने हैसियत देखिसकियो। कृपया कि हाम्रालाई होईन राम्रालाई छान्नोस् कि अर्को निर्वाचन सम्म सकिनोस्



**Bishnu Rijal**
x.com/bishnurijal1

१० बर्षको अनुभवले भन्छ– संघीयताको चालू मोडल देशले धान्न सक्दैन । केन्द्रको बजेट प्रदेशको खातामा सारेर व्यक्तिलाई केन्द्रमा राखेर खर्च गर्नेबाहेक प्रदेशले समृद्धि र विकासमा योगदान गर्न सकेको देखिँदैन । बारम्बार सरकार परिवर्तन, व्यक्तिमुखी बजेट परिचालन, योजनाको दुरूपयोग जस्ता विषयले न प्रदेश बलियो एका छन्, न त देश नै। बरू, संघीयता विकृत भएको छ। संविधान संशोधनको चर्चा चलिरहेका बेला यस विकृत संघीयताका बारेमा छलफल आवश्यक छ ।

# मिर्गौला तथा क्यान्सर पीडितलाई आर्थिक सहयोग

**भञ्ज्याङ समाचारदाता/दमौली**

तनहुँ समाज हङकङले मिर्गौला तथा क्यान्सरपीडितलाई आर्थिक सहयोग गरेको छ । हङकङमा बसोबास गर्ने तनहुँवासीको संस्था तनहुँ समाज हङकङले जिल्लाका मिर्गौला तथा क्यान्सरबाट पीडित बिरामीलाई रू पाँच लाख ७६



हजार आर्थिक सहयोग गरेको हो।

समाजले बन्दीपुर गाउँपालिका–४ का दुवै मिर्गौलासम्बन्धी समस्या खेपिरहनुभएका सुकबहादुर गुरूङ, ऋषिङ गाउँपालिका–८ का सोमबहादुर नेपाली र क्यान्सरपीडित सोही वडाका दुर्गबहादुर थापालाई जनही रू एक लाख ९२ हजार आर्थिक सहयोग प्रदान गरिएको छ । समाजका अध्यक्ष कर्णबहादुर नेपाली, पूर्वअध्यक्ष भीमराज गुरूङ, जङ्गबहादुर थापाले शुक्रबार दमौलीमा आयोजित कार्यक्रम पीडितका आफन्तलाई उक्त रकम हस्तान्तरण गरेका हुन् । समाजले २०५६ सालदेखि जिल्लामा रू एक करोडभन्दा बढी सहयोग गरिसकेको समाजका पूर्वअध्यक्ष गुरूङले जानकारी दिए ।

उनले भने, "समाज गठन भएदेखि नै कसैलाई दुःख परेको थाहा पाउनेबित्तिकै रकम संकलन गरी हस्तान्तरण गर्दै आएका छौं।" समाजले जिल्लामा भूकम्पपछिको पुनःनिर्माण, बाढीपहिरोजस्ता दैवी प्रकोपबाट पीडितलाई समेत सहयोग गर्दै आएको छ । तनहुँको शिक्षा, स्वास्थ्य र खानेपानी, सञ्चारसम्बन्धी पूर्वाधार विकास तथा पत्रकारिता प्रवर्द्धनमा समाजले सहयोग गर्दै आएको छ।

रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ।
यसबाट बच्न:
- घरपालुवा जनावरलाई नियमितरुपमा रेबिजविरुद्धको खोप लगाऔं,
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं,
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेबिजविरुद्धको खोप लगाऔं,
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं,
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं,

रेबिज लाग्न नदिन समयमा विचार पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक :** नारायण खड्का ।
**कार्यालय :** ब्यास–२, दमौली, तनहुँ । **फोनः** ०६५–५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४